# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :-४ संख्या :-२ मिति :-२०७८/०९/०६


## भाग- २

# शिक्षण सिकाइ सहयोग अनुदान कोटामा शिक्षक तथा बाल विकास सहजकर्ता परीक्षा संचालन तथा नियुक्ति सम्बन्धी कार्यविधि- २०७८

# वोगटान फुड्सिल गाउँपालिका शिक्षण सिकाइ सहयोग अनुदान कोटामा शिक्षक तथा बाल विकास सहजकर्ता परीक्षा संचालन तथा नियुक्ति सम्बन्धी कार्यविधि

**प्रस्तावना** ः सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा विषयगत शिक्षकको उपलब्धतामा वृद्धि गरी विद्यार्थीहरुको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले शिक्षा क्षेत्र विकास कार्यक्रमले लक्षित गरे अनुसार स्थानीय शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा ब्यवस्थापनलाई ब्यवस्थित गर्न वाञ्छनीय भएकाले वोगटान फुड्सिल गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १०२ को उपदफा (१) प्रयोग गरी यो कार्यविधि बनाई लागू गरिएको  छ ।

## परिच्छेद १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ ः**

क) यो कार्यविधिको नाम **शिक्षण सिकाई सहयोग अनुदान** कोटामा शिक्षक तथा बाल विकास सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि २०८० रहने छ । यो कार्यविधि वोगटान फुड्सिल गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ः**

क) कार्यविधि भन्नाले गाउँपालिका **शिक्षण सिकाई सहयोग अनुदान** कोटामा शिक्षक तथा बाल विकास सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि २०८० सम्झनुपर्छ ।

ख) मा. वि. भन्नाले ९-१० / ११-१२ कक्षा संचालन भएको विद्यालयहरु सम्झनु पर्छ ।

ग)  आधारभुत तह ( नि. मा. वि.) भन्नाले ६- ८ सम्म संचालन भएको विद्यालयहरु सम्झनु पर्छ ।

घ) आधारभुत  तह ( प्रा. वि. ) भन्नाले १ - ५ सम्म संचालन भएको विद्यालयहरु सम्झनु पर्छ ।

ङ) ब्यवस्थापन समिति भन्नाले विद्यालयको संचालन, रेखदेख र ब्यवस्थापनका लागि नियमानुसार गठन भएको वि. ब्य. स. लाई सम्झनु पर्छ ।

च) शि. अ. संघ भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनु पर्छ ।

छ) शिक्षक छनौट समिति भन्नाले यस कार्यविधिको दफा ८(ग) बमोजिम शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

ज ) प्र. अ. भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनु पर्छ ।

झ) शिक्षक भन्नाले विद्यालयमा प्रा. वि. तह देखि मा. वि. तह सम्म अध्यापन गर्ने ब्यक्तिलाई सम्झनु पर्छ ।

ञ ) गा. पा. भन्नाले वोगटान फुड्सिल गाउँपालिकालाई सम्झनु पर्छ ।

ट) कर्मचारी भन्नाले विद्यालयमा सर्शत अनुदान बाट प्राप्त दरवन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरवन्दी सिर्जना गरी कार्यरत कार्यालय सहायक , कार्यालय सहयोगी, चौकीदार लाई सम्भनु पर्छ ।

ठ) अभिभावक भन्नाले विद्यालयमा आफ्ना बालबालिकाहरुलाई भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालन पोषण गर्ने ब्यक्तिलाई सम्भनु पर्छ ।

ड) आयोग भन्नाले शिक्षक सेवा आयोग सम्भनु पर्छ ।

ढ) शिक्षा शाखा प्रमुख भन्नाले गाउँ पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्भनु पर्छ ।

ण) विषय विज्ञ भन्नाले आधारभुत तह (कक्षा १ -८) र माध्यमिक तह (कक्षा ९- १२) सम्म शिक्षक छनौट परीक्षा संचालनका लागि गा.पा. बाट सूचिकृत भएका आधारभुत तह ( प्राथमिक / निम्न माध्यमिक ) तह र माध्यमिक तहका शिक्षकहरुलाई सम्भनु पर्छ ।

त ) सम्बन्धित निकाय भन्नाले गाउँपालिका , शिक्षा विकास तथा समन्वय इकाई , प्रदेश ! शिक्षा विकास निर्देशनालयलाई प्रसंग अनुसार सम्भनु पर्छ ।

थ) अन्य शब्द, नामावली र पदको अर्थ प्रचलित ऐन, कानून र नियमानुसार रहेको सम्भनु पर्छ ।

३. उद्देश्यः

वोगटान फुड्सिल गाउँपालिका भित्रका माध्यमिक तथा आधारभुत ( नि. मा. वि. र प्रा. वि.) तह संचालित शुन्य, एक र दुई मात्र दरवन्दी भएका विद्यालयहरुको पठनपाठनलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि सहयोग पुर्याउन आवश्यक देखिएकोले दरवन्दी सिर्जना, दक्ष, योग्य, शिक्षक छनौट गर्न सेवा, शर्त, सुविधा, काम कर्तब्य, अधिकार, पुरस्कार र सजाय सम्बन्धी प्रावधानहरु स्पष्ट गर्ने उदेश्यले गाउँपालिका शिक्षण सिकाई सहयोग अनुदान कोटामा शिक्षक तथा बाल विकास सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि २०८० निर्माण गरिएको छ ।

## परिच्छेद २

## <u>विद्यालय छनौट तथा शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण</u>

**४. विद्यालय छनौटका आधारहरु : शिक्षण सिकाइ अनुदान तथा बाल विकास सहजकर्ता वितरणका लागि विद्यालय छनौटका आधारहरु देहायबमोजिम हुनेछन :**

क) शिक्षा नियमावली २०५९ ले तोके अनुसारको तहगत शिक्षक दरवन्दी नभएको हुनुपर्ने ।

ख) नियमावलीले तोके अनुसार आधारभुत तहको कक्षा ३, ५ र ८ र माध्यमिक तहको ९ र १० मा न्यूनतम् विद्यार्थी संख्या पुगेको हुनुपर्ने ।

ग ) अघिल्लो शैक्षिक सत्र सम्म विद्यार्थीको तहगत सिकाइ उपलब्धी न्यूनतम् ५० प्रतिशत हुनुपर्ने ।

घ) नियमावली अनुसार शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिको गठन भएको हुनुपर्ने
ङ ) विद्यालयले नियमित नियमानुसार  सामाजिक परीक्षण गरेको हुनुपर्ने ।
च) विद्यालयले अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण गरेको हुनुपर्ने ।
छ ) विद्यालयले शिक्षक तथा विद्यार्थीले पालना गर्नुपर्ने  आचारसंहिता निर्माण गरी लागू गरेको हुनुपर्ने ।
ज) विद्यालयले नियमित रुपमा विद्यालय सुधार योजना नियमानुसार अद्यावधिक गरी लागू गरेको हुनुपर्ने ।
झ) विद्यालयले नियमित रुपमा तोकिएको समय भित्र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणली अद्यावधिक गरेको हुनुपर्ने ।

**५ विद्यालय छनौट प्रक्रिया** : (१) वोगटान फुड्सिल गाउँपालिकाका गाउँ शिक्षा समितिले स्वीकृत शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटा भित्र रही आफ्नो क्षेत्रभित्र रहेको आधारभूत तथा माध्यमिक विद्यालयहरुमध्ये बाट दफा ४ को आधारमा विद्यालयको सूचि तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) अनुसारको सूचि तयार गर्दा नियमावलीले तोके अनुसारको शिक्षक दरवन्दी संख्या अपुग विद्यालयहरु मध्ये शिक्षक विद्यार्थी अनुपात र भौगोलिक अवस्थाका आधारमा प्राथमिकताक्रम तोकी तयार गर्नुपर्ने छ ।

(३) समितिले स्वीकृत शिक्षण सिकाइ तथा बाल विकास अनुदान कोटाको संख्यानुसार उपदफा (२) बमोजिम तयार भएको प्राथमिकता सूचिको आधारमा विद्यालय छनौट गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम विद्यालय छनोट गर्दा विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी नभएको विद्यालयलाई छनौट गर्नुपर्ने छ ।

**६. शिक्षण सिकाइ सहयोग  तथा बाल विकास अनुदान कोटा  उपलब्ध गराइने** : (१) स्वीकृत बजेटको परिधिभित्र रही विद्यालयमा शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटा उपलब्ध गराइने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यबाट नियमावलीमा तोकिएको संख्या भन्दा कम शिक्षक दरवन्दी भए बाँकी शिक्षण सिकाइ सहयोग बाल विकास अनुदान संख्या बराबरको अनुदान उपलब्ध गराउन बाधा पुग्ने छैन ।

**७. शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटा विवरण** :

(१) गाउँ शिक्षा समितिले स्वीकृत शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटाको आधारमा नियमावली अनुसार बाल विकास कक्षा संचालनका लागि कम्तीमा २५ जना बालबालिका हुनुपर्ने छ । तर भौगोलिक विकटतालाई पनि आधार मानेर कम्तीस १२ जना बालबालिका भएको ठाउँमा पनि बाल विकास कोटा वितरण गर्न सकिने छ । **तहगत शिक्षक दरवन्दी  संख्या शून्य भएका विद्यालयहरुलाई न्यूनतम् ३ वटा, कुनै एक दरवन्दी भएका विद्यालयहरुलाई न्यूनतम् २ वटा र कुनै दुई वटा दरवन्दी भएका विद्यालयहरुलाई न्यूनतम् १ वटा शिक्षण सिकाइ सहयोग अनुदान कोटा उपलब्ध गराउन सकिनेछ ।**

(२) उपदफा (१) अनुसार शिक्षण सिकाइ तथा बाल विकास अनुदान कोटा  वितरण गर्दा समेत कोटा वाँकी भएमा सोही भौगोलिक विकटता, तहगत विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी अपुग भएका विद्यालयहरुलाई प्राथमिकताका आधारमा उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) र (२)  मा जुनसुकै कुरा उल्लेख भएता पनि संघीय शिक्षण सिकाइ अनुदान प्राप्त विद्यालयहरुलाई  आवश्यकताका आधारमा बढीमा १ वटा सम्म शिक्षण सिकाइ अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३

**शिक्षक तथा बाल विकास सहजकर्ताको नियुक्ति, शैक्षिक योग्यता, शिक्षक छनौट र सेवा शर्त सम्बन्धी व्यवस्था**

**८. शिक्षक तथा बाल विकास सहजकर्ता भर्ना सम्बन्धी व्यवस्था ः विद्यालयले उपलब्ध शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटामा शिक्षण सेवा करारमा लिंदा देहाय बमोजिम गर्नुपर्ने छ ।**

क) सम्बन्धित तहका विषयगत शिक्षक दोहोरो नपर्ने गरी प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्नुपर्ने छ ।

ख) छनौट भएका शिक्षकलाई अनुसूची २ बमोजिमको ढाँचामा बढीमा एक शैक्षिक वर्षका लागि करार सम्झौत गर्ने सकिनेछ ।

ग) विद्यालयमा आगामी शैक्षिक वर्षहरुका लागि शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटा प्राप्त हुने सुनिश्चिचता भएको अवस्थामा मात्र विद्यालय व्यवसथापन समितिले कार्यसम्पादन मूल्यांकनका आधारमा यसै कार्यविधि अनुरुप शिक्षण सेवा करारमा लिइएको शिक्षकको प्राथमिकता दिई न्यूनतम् ५० प्रतिशत अंक प्राप्त गर्ने शिक्षक तथा सहजकर्तालाई पुन ः शिक्षण सेवा करार गर्न सक्नेछ ।

**९. शैक्षिक योग्यता ः बाल विकास तथा प्राथमिक तहका लागि**

(क) नेपाली नागरिक ,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,

(ग) शिक्षा संकाय बाट + २ वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ,

(घ) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ,

(ङ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ,

(च) नैतिक पतन नदेखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(छ) तर बाल विकास सहजकर्ताका  लागि स्थायी अध्यापन अनुमति पत्र नभए पनि योग्य हुने छन ।

निम्न माध्यमिक तहका लागि

(क) नेपाली नागरिक ,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,

(ग) शिक्षा संकाय बाट सम्बन्धित विषयमा + २ वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ,

(घ) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ,

(ङ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ,

(च) नैतिक पतन नदेखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

माध्यमिक तहका लागि

(क) नेपाली नागरिक ,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,

(ग) शिक्षा संकाय बाट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ,

(घ) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ,

(ङ) २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ,

(च) नैतिक पतन नदेखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

**१०. उम्मेदवारका अयोग्यता** : देहायका व्यक्तिहरु वाल विकास तथा शिक्षकको पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैन

क) गैर नेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेकोर ४० वर्ष नाघेको ,

ग) मगज बिग्रेको ,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ,

ङ) भविष्यमा सरकारी नोकरीका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको ,

च) सम्बन्धित तहका लागि योग्यता नपुगेको व्यक्ति,

छ) स्थायी अध्यापन अनुमति पत्र नलिइएको व्यक्ति ।

यस अघि गाउँपालिका भित्र सम्बन्धित विद्यालयमा निजि स्रोतमा कार्यरत शिक्षकको हकमा पहिलो पटकको विज्ञापनमा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

**११. विद्यालयमा गाउँपालिकाको अनुदानबाट बाल विकास तथा शिक्षकको नियुक्ति तथा पदपूर्ति गर्नका लागि शिक्षा नियमावली २०५९ को नियम ९६क उपनियम (१) तथा नियम ९७ बमोजिम गर्नुपर्ने छ ।**

**१२. बाल विकास तथा शिक्षक छनौट समितिका काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन ः**

क) बाल विकास सहजकर्ता ः गाउँपालिकाको शिक्षा शाखाले तयार पारेको पाठ्यक्रम अनुसार

ख) शिक्षक सेवा आयोग नियमावली, २०५७ ले निर्धारण गरेको पाठ्यक्रम अनुसार नै लिखित र मौखित परीक्षाको प्रश्नपत्र तयार गर्ने ।

ग) शिक्षक तथा बाल विकास छनौट गर्नको लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

ग) लिखित परीक्षाको नतिजा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट वर्णानुक्रमनुसार प्रचलित नियमानुसारको संख्यामा प्रकाशन गर्ने ।

घ) उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरे त्यतिको नाम मात्र प्रकाशन गर्ने ।

ङ) सफल र वैकल्पिक उम्मेदवारको नामावली योग्यता क्रमानुसार प्रकाशन गर्ने ।

च) शिक्षक तथा बाल विकास सहजकर्ताको सेवा, शर्त र सुविधा विषयमा गाउँपालिकालाई सुझाव दिने ।

छ) शिक्षक तथा बाल विकास छनौट समितिको वैठक सम्बन्धी र यस कार्यविधिमा उल्लेखित नभएको कुराहरुको हकमा थप कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

**१३.परीक्षा संचालन र अन्तर्वार्ता सम्बन्धी व्यवस्था ः**

(क) विषयगत विज्ञापन भएता पनि विषयगत र विद्यालयगत प्रतिस्पर्धा हुने गरी तहगत रुपमा सबै विषयको उम्मेदवारको परीक्षा एकै पटक गर्न सकिनेछ ।

(ख) शिक्षक छनौट समितिले लिने लिखित परीक्षाको किसिम शिक्षक सेवा आयोगको नियमावली २०५७ बमोजिम हुनेछ ।

(ग) लिखित परीक्षाका लागि आवश्यक प्रश्न पत्र जिम्मा शिक्षा नियमावली २०५९ को नियम ९६ क शिक्षक छनौट समितिलाई हुनेछ ।

(घ) उत्तरपुस्तिकाहरुमा कोडिङ, डिकोडिङ गर्ने कार्य परीक्षा समितिको विद्यालय निरीक्षक वा निजले तोकेको व्यक्तिले गर्नेछन ।

**( ङ ) अन्तर्वार्ताको ः अन्तर्वार्ताको लागि देहाय अनुसार २५ अंक छुट्याइनेछ ः**

- सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ३ अंक, द्वितीय श्रेणी भए २ अंक र तृतीय श्रेणी भए १ अंक
- माथिल्लो एक तहको योग्यता वापत २ अंक

- अनुभव वापत सोही तहको निजी शिक्षकको रुपमा काम गरे वातप प्रत्येक बर्षको ०.५ अंकका दरले बढीमा १० वर्षको ५ अंक ( कार्यरत विद्यालयका प्रधानाध्यापकले सेवा प्रमाणित गरेको सिफारिस पत्र )
- स्थानीयता ः सम्बन्धित वडा -५, गा.पा. (४, जिल्ला (१ ( वडा कार्यालयको सिफारिस पत्र )
- **अन्तर्वार्ता वापत १० अंक**
    - समसामयिक विषयवस्तुको ज्ञान ४ अंक
    - सम्बन्धित विषयको ज्ञान ६ अंक

      तर अन्तर्वाताको अंक दिंदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

(च) छनौट प्रक्रिया सम्बन्धी छनौट समितिको निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनु पर्दछ ।

(छ) परीक्षा संचालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झुठा विवरण पेश गरेमा , उम्मेदवारका बीच निष्पक्ष ब्यवहार नगरेमा निजलाई विज्ञको सूचिबाट हटाउन सकिने छ ।

(ज) परीक्षा संचालनको खर्च ब्यवस्था सम्बन्धमा ः समितिका पदाधिकारी वा विषय विज्ञले प्रति वैंठक रु.१०००। भन्दा बढी पारिश्रमिक लिन पाउने छैन । साथै एउटा विज्ञापनको शिक्षक सिफारिस गर्न ३ बैंठक भन्दा बढी बस्न पाउने छैन । तर केन्द्राध्यक्षको पारिश्रमिक प्रशन पत्र निर्माण, उत्तर पुस्तिका परीक्षण सम्परीक्षण वापत समितिले तोकेको वा प्रचलित नर्म्स अनुसारको पारिश्रमिक दिन सकिने छ ।

(झ) उम्मेदवारहरुले गाउँ शिक्षा समितिले तोकेको शुल्क विद्यालयको खातामा जम्मा गर्नुपर्नेछ ।

(ञ) शिक्षक तथा बाल विकास छनौट परीक्षा संचालन र ब्यवस्थापकीय कार्यका सम्बन्धमा गाउँ शिक्षा समितिले अनुगमन गरी समितिलाई आवश्यक सुझाव दिन सक्नेछन ।

**१४ नियुक्ति ः गाउँपालिकाको अनुदान बाट शिक्षक तथा वाल विकास सहजकर्ताहरुको नियुक्ति निम्न प्रक्रिया अनुसार गरिनेछ ः**

(क) शिक्षक तथा बाल विकास छनौट समितिको सिफरिसमा सफल उम्मेदवारलाई एक पटकमा एक आर्थिक वर्षका लागि करारको रुपमा विद्यालय ब्यवस्थापन समितिले नियुक्ति दिनेछ ।

(ख) गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएको खण्डमा अर्को आर्थिक वर्षका लागि नियुक्तिको म्याद थप गर्न सकिनेछ । तर एक पटकमा एक आर्थिक वर्ष भन्दा बढी समयका लागि म्याद थप गर्न सकिने छैन ।

(ग) सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिका लागि सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र नियुक्ति लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई विद्यालय ब्यवस्थापन समितिले नियुक्ति दिनेछ ।

(घ) सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा गाउँ शिक्षा समितिको निर्णयानुसार अन्य विद्यालयलाई दिइनेछ
(ङ) करार सम्झौता अवधि ६ महिनाको  हुनेछ ।

**१५. शिक्षक तथा बाल विकास सहजकर्ताको सेवा शर्त सुविधा : यस कार्यविधि अनुसार शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटामा छनौट भएका शिक्षकले देहाय अनुसारका सुविधा पाउने छन ।**

**क) बाल विकास अनुदान कोटामा** छनौट भएका बाल विकास सहजकर्ताले मासिक रु.१५,०००। करार सम्झौता बमोजिम पारिश्रमिक सुविधा

**ख) आधारभुत तह ( कक्षा १ -५)** मा शिक्षण सिकाइ सहयोग अनुदान कोटामा छनौट भएका शिक्षकले मासिक रु.२४०००। करार सम्झौता बमोजिम पारिश्रमिक सुविधा

**ग) आधारभुत तह  (कक्षा ६ -८)** मा शिक्षण सिकाइ सहयोग अनुदान कोटामा छनौट भएका शिक्षकले मासिक रु.२७,०००। करार सम्झौता बमोजिम पारिश्रमिक सुविधा ।

**घ) माध्यमिक तह ( कक्षा ९-१०)** मा शिक्षण सिकाइ सहयोग अनुदान कोटामा छनौट भएका शिक्षकले मासिक रु. ३५,०००। करार सम्झौता बमोजिम पारिश्रमिक सुविधा ।

ङ) कार्यविधि बमोजिमको करार सेवा दिने शिक्षक बाल विकास सहजकर्ताले शिक्षा नियमावलीमा तोकिए अनुसारका भैपरी विदा, पर्व विदा, विरामी विदा, किरिया विदा, प्रसुति विदा, प्रसुति स्याहार विदा मात्र पाउनेछन । बिदा अधिकार नभई सहुलियत मात्र हुने ।

छ) कुनै पनि विदालाई संचित गर्न सकिने छैन ।

ज) यस कार्यविधि अनुसार नियुक्ति भएका शिक्षक तथा बाल विकास सेवा करारमा उल्लेखित भन्दा थप सुविधा दावि गर्न पाउने छैन ।

**१६. गाउँपालिकाको अनुदानबाट नियुक्ति भएका शिक्षक तथा बाल विकास सहजकर्ताहरुको काम र कर्तब्य निम्नानुसार हुनेछन ।**

क) विद्यालयमा नियमित रुपमा हाजिर भई अध्यापन गर्ने ।

ख) विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ पालना गर्ने ।

ग) प्रधानाध्यापकको निर्देशन अनुसारको कामकाज गर्नुपर्ने ।

घ) विद्यालयको भौतिक सम्पत्तिको संरक्षणमा सहयोग गर्ने

ङ) विद्यालयमा शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने

च) विद्यालयको गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन

छ) यसमा उल्लेख नभएका कार्यहरु प्रचलित शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ अनुसार गर्ने गराउने ।

## परिच्छेद ४

## <u>शिक्षक तथा बाल विकास सहजकर्ताहरुको आचारसंहिता</u>

**१७. आचारसंहिता ः गाउँपालिकाको अनुदानबाट नियुक्ति शिक्षक तथा बाल विकास सहजकर्ताले तपसिलका आचारसंहिता पालना गर्नुपर्ने छ ।**

क) नियमित रुपमा प्रत्येक दिन विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पुरा गर्ने ।

ख) शिक्षक र विद्यार्थी विच मित्रवत व्यवहार कायम गर्ने ।

ग) आफ्नो पेशा प्रति इमान्दारिता साथ विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

घ) जुनसुकै परिस्थितिमा पनि विद्यालयका गोप्य हुनुपर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न नहुने ।

ङ) पद अनुसारको आचरण पालना गर्ने ।

च) विद्यालयको हित विपरीत  कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने, तालावन्दी गर्ने, शारीरिक तथा मानसिक दबाब दिने उदेश्यले कुनै किसिमको कार्य गर्न वा गराउन नहुने ।

छ) विद्यालयको हाता भित्र मादक पदार्थ, धुम्रपान, सुर्तीजन्य  पदार्थको सेवन गर्न नहुने ।

ज) विदामा बस्दा बिदा स्वीकृत गराएर मात्र बस्ने ।

झ) शिक्षक तथा कर्मचारीले पालना गनुपर्ने यस कार्यविधिमा उल्लेख नभएका अन्य आचारसंहिताको हकमा प्रचलित शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ ले निर्दिष्ट गरेका  आचारसंहिताको पालना गरेको हुनु पर्नेछ ।

**१८.करार सम्झौता रद्द हुने ः (१) देहायको अवस्थामा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षक तथा बाल विकासको करार सम्झौता रद्द गर्न सकिनेछ ।**

क) बिना सूचना लगातार १५ दिन भन्दा बढी विद्यालयमा अनुउपस्थित भएमा ,

ख) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा ,

ग) विद्यालयले तोकेको अन्य कार्य सन्तोषजनक रुपमा नगरेमा ,

घ) आचारसंहिता पालना नगरेमा,

ङ) मादक पदार्थ सेवन गरी विद्यालयमा आउने कुरा प्रमाणित भएमा,

च) अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था बारम्बार उल्लघंन गरेमा ,

छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ज) भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा,

झ) नोकरी पाउने उदेश्यले झुट्टा प्रमाण पत्र पेश गरेमा(२) उपदफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई प्रचलित कानून अनुसार मनासिव माफिकको मौका नदिई सेवाबाट हटाउन पाइने छैन ।

## परिच्छेद ५

## विभिन्न निकायको भूमिका

**१९ गाउँ शिक्षा समिति : शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदानको लागि विद्यालय छनौट तथा अनुदान वितरणमा समितिको भूमिका देहाय बमोजिम हुनेछ ।**

क) शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटाका लागि प्राप्त बजेटको परिधिभित्र रही तहगत कोटा निर्धारण गर्ने ।

ख) दफा ५ अनुसार विद्यालयको प्राथमिकताक्रमको सूचि बमोजिम विद्यालय छनौट गर्ने ।

**२०. शिक्षा, युवा तथा खेलकुद शाखा : शिक्षण सिकाइ  सहयोग तथा बाल विकास अनुदान लागि विद्यालय छनोट तथा अनुदान वितरणमा शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका देहायबमोजिम हुनेछ ।**

क) तोकिएको आधार बमोजिम शिक्षण सिकाइ तथा बाल विकास अनुदान प्राप्त गर्ने विद्यालयको विवरण गाउँ शिक्षा समितिमा छनौटका लागि पेश गर्ने

ख) शिक्षण सिकाइ तथा बाल विकास अनुदान कोटामा शिक्षक भर्ना गर्नका लागि विद्यालयलाई पत्राचार गर्ने र आवश्यक सहयोग सहजीकरण उपलब्ध गराउने

ग) शिक्षण सिकाइ सुधारका लागि विद्यालयसंग समन्वय र सहजीकरण गर्ने ।

घ) छनौट तथा भर्ना भएका शिक्षकहरुको अभिलेख तयार गरी राख्ने ।

ङ) आवश्यकतानुसार अन्य कार्यहरु गर्ने गराउर्ने ।

**२१. विद्यालय व्यवस्थापन समिति : शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान लागि विद्यालय छनोट तथा व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका  देहायबमोजिम हुनेछ ।**

क) प्रचलित कानून बमोजिम शिक्षण सेवा करारमा लिने ।

ख) छनौट भएका शिक्षकको काम कारवाहीको बारेमा समय समयमा अनुगमन गर्ने तथा कार्य सम्पादन मूल्यांकन गर्ने ।

ग) शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारवाहीहरुको विषयमा शिक्षा, युवा तथा खेलकुद शाखालाई जानकारी पठाउने ।

घ) शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदानको सम्बन्धमा आवश्यक सहयोग, अनुगमन र सहजीकरण गर्ने ।

**२२. विद्यालयको भूमिका  : शिक्षण सिकाइ तथा बाल विकास अनुदानको लागि विद्यालय छनोटमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।**

क) प्रचलित नियमावली २०५९ अनुसार शिक्षक नियुक्तिको व्यवस्था मिलाउने ।

ख) छनौट भएका शिक्षकको करार सम्झौता गर्ने ।

ग) करार सम्झौतामा उल्लेख भए अनुसारको सुविधा उपलब्ध गराउने ।

घ) शिक्षा ,युवा तथा खेलकुद शाखाले दिइएको निर्देशानुसार काम गर्ने गराउने ।

**परिच्छेद ६**

**२३. थप सुविधा उपलब्ध गराउन सकिने** : यस कार्यविधि अनुसार भर्ना तथा छनौट भएको शिक्षकलाई विद्यालयले आफ्नै स्रोत बाट थप सुविधा उपलब्ध गराउन सक्नेछन ।

**२४..कार्यविधिको व्याख्या गर्न सक्ने** : कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना भएमा कार्यविधिको मर्म तथा प्रचलन कानूनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा  हुनेछ ।

**२५. प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयहरु यसै कार्यविधि अनुसार हनेछन र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

**२६. संशोधन** : यस कार्यविधिलाई समयानुकुल परिवर्तन, संशोधन, परिमार्जन गर्नु परेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १

## विज्ञापनको ढाँचा

## विज्ञापन आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना ००००।००।००

गाउँ शिक्षा समितिको वैठकले मिति २०८०।०४।२७ को निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान कोटामा शिक्षक तथा सहजकर्ता व्यवस्थापन कार्यविधि २०८० बमोजिम गर्न देहाय बमोजिमका पद ! तहमा सेवा गर्न इच्छुक व्यक्तिहरुलाई आवेदन आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| विज्ञापन नं. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**१.आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु** : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि , शैक्षिक योग्यताका प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि , स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि ( सबै कागजातको प्रतिलिपि पछाडिपट्टी उम्मेदवार स्वयंले हस्ताक्षर गरेको हुनुपर्ने )

**२. दरखास्त दस्तुर बुझाउने स्थान** : सम्बन्धित विद्यालयमा

**४. दरखास्त फाराम** : **शिक्षक सेवा आयोगको** वेबसाइट बाट प्राप्त गर्न सकिने छ ।

**५. दरखास्त दिने अन्तिम मिति** : ००००।००।०० गते कार्यालय समयभित्र

**६ उमेर** : आधारभुत तहको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र माध्यमिक तहको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**७. सुविधा** : स्थानीय शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान व्यवस्थापन कार्यविधि २०८० बमोजिम ।

**८. छनौटको किसिम** : लिखित परिक्षा, अन्तर्वार्ता र आवश्यकता अनुसार प्रयोगात्मक ।

...............................

प्रधानाध्यापक

# अनुसूची २

श्री विद्यालय तथा अनुदान शिक्षक !बाल विकास सहजकर्ता श्री ............................बीच भएको करारनामा श्री ...................................... वोगटान फुड्सिल गाउँपालिका ......... डोटी ( यसपछि पहिलो पक्ष भनिएको) .......................... निवासी श्री .......................... ( यसपछि दोस्रो पक्ष भनिएको ) बीच देहायका शर्तहरको अधीनमा रही पहिलो पक्षले दोस्रो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक ! एक प्रति एक आपसमा बुझि लियौं दियौं ।

१. **जिम्मेवारी** : दोस्रो पक्षले पहिलो पक्षको आवश्यकतानुसार खटाएको स्थान र समयमा अनुदान शिक्षक तथा बाल विकासको रुपमा कार्यरत भई काम गर्नुपर्ने छ ।

२. **काम गर्नुपर्ने स्थान र समय** : सार्वजनिक बिदाको दिन वाहेक अन्य दिनहरुमा विद्यालयको मातहतमा रही खटाएको जिम्मेवारी निर्वाह गर्नुपर्ने छ ।

३. **सम्झौता अवधि** : करार सेवा अवधि मिति .........गतेबाट लागु भई .............. सम्म कायम रहनेछ । दोस्रो पक्षले शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवा उपलब्ध गराउन असमर्थ भएमा वा कार्यसम्पादन सन्तोषजनक नभएमा वा पालना गर्नुपर्ने आचारणहरु पालना नगरेमा सम्झौता तुरुन्तै रद्द गरिनेछ ।

४. **पारिश्रमिक** : यस करारनामा बमोजिम सेवा प्रदान गरे वापत कार्यालयबाट हाजिरी प्रमाणित भएपछि पहिलो पक्षले दोस्रो पक्षलाई बाल विकास सहजकर्ताको लागि १५०००। (अक्षरुपी पन्ध्र हजार मात्र ) , आधारभुत तह ( कक्षा १ -५ ) को लागि पारिश्रमिक रु.२४०००। ( अक्षरुपी चौबीस हजार मात्र ) , आधारभुत तह ( कक्षा ६ -८ ) को लागि पारिश्रमिक रु.२७०००। (अक्षरुपी सत्ताइस हजार मात्र ) , माध्यमिक तह ( कक्षा ९ -१० ) को लागि पारिश्रमिक रु.३५०००। ( अक्षरुपी पैत्तिस हजार मात्र ) त्रैमासिक रुपमा प्रदान गरिनेछ ।

५.**आचरण** :दोस्रो पक्षले सेवा सम्बन्धी प्रचलित कानूनमा ब्यवस्था भएका आचरण सम्बन्धी कुराहरु पालना गर्नुपर्ने छ । कानून बमोजिम गोप्य कुरा वा कागजात कुनै अनाधिकृत ब्यक्ति वा. संस्थालाई उपलब्ध गराएको प्रमाणित भएमा सेवा बाट हटाई क्षतिपूर्ति वा हानी नोक्सानी बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ ।

६. **थप सेवा सुविधा** : दोस्रो पक्षले त्रैमासिक रुपमा सार्वजनिक विदाको दिन वाहेक रुजु हाजिरको आधारमा वर्ष भरिमा वोगटान फुड्सिल गाउँपालिका शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान ब्यवस्थापन कार्यविधि , २०८० को परिच्छेद ३ को दफा १३ (घ) मा उल्लेखित विदा पाउनेछ । यो कार्यविधिमा उल्लेख भए बमोजिमको भन्दा बढी विदा लिएमा पारिश्रमिक बाट तलब भत्ता कट्टा गरिनेछ ।

७. **समझदारी** : प्रथम पक्ष र दोस्रो पक्ष बीच यस सम्झौतासँग सम्बन्धित विषयमा विवाद उत्पन्न भएमा आपसी सहमतिद्धारा विवाद समाधान गरिनेछ ।

**८.सम्झौता भंग** : सम्झौता भंग गर्नु परेमा पहिलो पक्षले कम्तीमा ७ दिन र दोस्रो पक्षले कम्तीमा १ महिना अगाडि लिखित रुपमा सूचना दिनुपर्नेछ ।

| | |
|---|---|
| **दोस्रो पक्ष** | **पहिलो पक्ष** |
| नाम, थर | नाम, थर |
| ठेगाना | पद |
| हस्ताक्षर | हस्ताक्षर |

अनुसूची ३
नियुक्तिको ढाँचा

विषय : नियुक्ति सम्बन्धमा ।

श्री ................................

............................................

तपाईलाई यस विद्यालयको विज्ञापन नं.................. बाल विकास , आधारभूत तथा माध्यमिक शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान करार शिक्षक तथा सहजकर्ता पदको लागि शिक्षक छनौट समितिको मिति ................को सिफरिस तथा विद्यालय व्यवस्थापन समितिको मिति ..................को निर्णयानुसार देहायको पदमा नियुक्ति गरिएको छ । प्रधानाध्यापकको अधिनमा रहि कार्य विवरणमा तोकिएको र आवश्यकतानुसार थप जिम्मेवारी समेत प्रभावकारी रुपमा निर्वाह गर्नुहोला ।

**शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदानमा शिक्षक तथा बाल विकास सहजकर्ता पदका लागि सिफारिस भई नियुक्ति हुनुभएकोमा हार्दिक बधाई छ ।**

| | |
|---|---|
| **पद** | शिक्षण सिकाइ सहयोग तथा बाल विकास अनुदान करार शिक्षक तथा सहजकर्ता |
| **तह** | आधारभूत / माध्यमिक |
| **विषय** | |
| **पारिश्रमिक** | करार सम्झौतामा उल्लेख भए अनुसार |

....................................

प्रधानाध्यापक